का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १३७
- ५ साउन २०७७, सोमबार
- 20 July 2020, Monday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेटः आइतबार साँझसम्म | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १७६५८ जना | ११६९५ जना | ३१५५७० | ५९२३ | ४० जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ४४ लाख ९५ हजार | ८६ लाख ६१ हजार | ६ लाख ६ हजार | ५२ लाख २५ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम



*कञ्चनपुरको भीमदत्तनगर-१५ गोवरियामा खेतमा गएर दुई स्थानीय बालबालिका थाल ठटाएर सलहको झुण्ड भगाउँदै । असार १३ गतेबाट नेपाल पसेको सलह कञ्चनपुर पुगेपछि किसान चिन्तित बनेका छन् । तस्वीरः शेरबहादुर सिंह*

# नयाँ कार्डको तरंग

## विशेष महाधिवेशनको प्रस्तावमा सहमति छैनः प्रचण्ड

**स्थायी कमिटीका नेताहरूले प्रधानमन्त्री र अध्यक्ष दुवै पदबाट राजीनामा मागे पछि विभाजनको नजिक पुगेको नेकपामा केपी शर्मा ओलीले विषेश महाधिवेशनको प्रस्ताव गरेपछि विवाद मोडिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ साउन ।

गएको असार १७ गते अवरुद्ध हुँदै आएको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी फेरि स्थगित भएको छ । आइतबार दिउँसो तीन बजे बोलाइएको स्थायी कमिटी मंगलबार बिहान ११ बजे बस्नेगरी स्थगित गरिएको छ । शनिबार बसेको सचिवालय बैठकमा प्रधानमन्त्री एवम् अध्यक्ष केपी शर्मा ओली आगामी मंसिरमा विशेष महाधिवेशनको प्रस्ताव ल्याएपछि विवादले नयाँ मोड लिएको छ ।

दुवै पदबाट राजीनामा नदिने अडान लिएका प्रधानमन्त्री ओलीले विशेष महाधिवेशनको प्रस्ताव गरेपछि उनी इतरका नेताहरु समेत अल्मलिएका छन् । "महाधिवेशनको विरोध गर्ने कुरा भएन । तर, अहिलेको विशेष परिस्थिति महाधिवेशन हुने संभावना छैन", एक स्थायी कमिटी सदस्यले भने । ती नेताले कोरोना महामारी अन्त्य हुनेबारे कुनै संभावना नदेखिएको, दशैंतिहार जस्ता चाँड पर्वले समय लिने र पार्टी एकीकरण प्रक्रिया समेत नटुंगिएका बेला मंसिरमा महाधिवेशन नहुने बताए । महाधिवेशन गर्न महत्वपूर्ण मानिने सदस्यताबारे नेकपामा कुनै छलफल समेत भएको छैन ।

पोलिट्ब्यूरो बन्न बाँकी छ भने जनवर्गीय संगठनहरुले पूर्णता पाउन सकेको छैन । "यस्तो बेला महाधिवेशन हुने कुरै भएन", ती नेताले मध्यान्हलाई भने । तर, महाधिवेशन नै नेतृत्व परिवर्तनको वैधानिक फोरम भएकाले विरोध समेत गर्न सक्ने अवस्था देखिन्न ।

अर्थात्, लगातार सचिवालय र स्थायी कमिटी बैठक अस्वीकार गर्दै आएका प्रधानमन्त्री ओलीले आफू कदम पछाडि



*शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकमा अध्यक्षद्वय केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपाल । उक्त बैठकमा प्रधानमन्त्री ओलीले मंसिरमा विशेष महाधिवेशनको प्रस्ताव गरेपछि नेकपाको विवादले नयाँ मोड लिएको छ ।*

ओलर्दै नयाँ कार्ड फालेका छन् । विशेषगरी गएको असार १४ गते मदन जयन्तीको अवसरमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री ओलीले आफूलाई हटाउन भारतीय शक्ति सक्रिय भएको र नेपालकै नेताहरुले राजीनामा मागेको बताएका थिए । यसपछि असार १६ गते बसेको स्थायी कमिटी बैठकमा १७ जना नेताहरुले दुवै पदबाट राजीनामा मागेका थिए ।

तर, शनिबार प्रधानमन्त्री ओलीले विशेष महाधिवेशनकै प्रस्ताव गरेपछि आइतबार बिहानै उनी इतर नेताहरुको छलफल भयो । कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई विशेष महाधिवेशनबारे प्रष्ट पार्न बरिष्ठ नेता झलनाथ खनाल, बरिष्ठ नेता माधवकुमार नेपाल, सचिवालय सदस्य नारायणकाजी श्रेष्ठ, स्थायी कमिटीका नेताहरु अष्टलक्ष्मी शाक्य, भीम रावल, गोकर्ण बिष्ट, सुरेन्द्र पाण्डे, रघुजी पन्त खुमलटार पुगेका थिए ।

छलफलमा प्रचण्डले आफ्नो सहमतिमा विशेष महाधिवेशनको प्रस्ताव नआएको जवाफ दिए । सचिवालय बैठक पछाडि राष्ट्रपति विद्यादेवी भण्डारीलाई भेट्न भने ओलीले नै परिबन्दमा पारेको बताएका थिए ।

# जनस्वास्थ्यमाथि गम्भीर खेलवाड

**कोभिड महामारी, बाढी पहिरो जस्ता प्राकृतिक प्रकोप, बेरोजगारी र भोकमरी जस्ता विषय भन्दा प्रधानमन्त्रीको कुर्सीमा तल्लीन सत्तारूढको राजनीतिले जनस्वास्थ्य माथि गम्भीर खेलबाड भइरहेको छ ।**

**समाचार टिप्पणी**

गएको माघ ९ गते पहिलो पटक नेपालमा विश्वव्यापी कोभिड महामारीका संक्रमित भेटिएका थिए । उत्तरी छिमेक चीनबाट विश्वभर फैलिएको महामारीका पहिलो संक्रमित नेपालमा चीनबाट आएका थिए । माघ पहिलो साता नै पहिलो संक्रमित देखिएको नेपालमा वैशाखसम्म सानो संख्यामा मात्रै संक्रमित भेटिए ।

तर, जेठ देखि भने उच्च संख्यामा संक्रमित भेटिदै आएको छ । आइतबार १५६ जनामा संक्रमण पुष्टि भएसँगै संक्रमित संख्या १७ हजार ६५८ जना पुगेको छ भने ४० जनाको मृत्यु भएको छ । निको भएर घर फर्कने संक्रमितको संख्या ११ हजार ६९५ जना छन् । अझै २२ हजार ६६२ जना क्वारेन्टिनमा छन् भने पाँच हजार ९२३ जना आइसोलेसनमा छन् । वैशाख पहिलो साता नै प्रधानमन्त्री केपी शर्मा ओलीले ६ लाखमा परीक्षण गरिने घोषणा गरेपनि आइतबारसम्म आधा अर्थात् तीन लाख १५ हजार ५७० जनाको मात्री पीसीआर परीक्षण गरिएको छ ।

यी त नेपालभित्र पुष्टि भएको संक्रमितको अवस्था भए । देशबाहिर संक्रमित हुने र मृत्यु हुने नेपालीको संख्या अझ बढी छ । तर, महामारी नियन्त्रणका लागि अपनाइएको लकडाउनका कारण नेपाली समाज नराम्रोगरी थलिएको छ । हजारौंले बाँकी पृष्ठ २ मा

> **यस्तो संकटका बेला राष्ट्रिय एकता कायम छोडेर सरकारले असार दोस्रो साता नै आकस्मिक रूपमा वर्षे अधिवेशन अन्त्य गरिदिएको छ ।**

## नवीकरणको निर्णय असार २९ कै राजपत्रमा प्रकाशित

# आइतबारसम्म विभाग पुगेन राजपत्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ साउन

असार मसान्तसम्म नवीकरणका लागि निवेदन दिने वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारमा पठाउन नपाएका म्यानपावर कम्पनीहरुको नवीकरण नियमित दश हजार शुल्क नै हुने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले म्यानपावर नवीकरण सम्बन्धि वैदेशिक रोजगार ऐन र नियमावलीको व्यवस्था कार्यान्वयन गर्न मन्त्रिपरिषद्ले जारी गरेको आदेश साउन १ गते सार्वजनिक गरेपनि नेपाल राजपत्रमा भने उक्त सूचना असार २९ गते कै मितिमा प्रकाशित भएको छ ।

उक्त सूचना राजपत्रको खण्ड ७० अतिरिक्ताङ्क २२ मा २०७७ असार २९ गते कै मितिमा प्रकाशित भएको हो । नेपालको क़ानूनी व्यवस्था अनुसार कुनै कानून वा सूचना राजपत्रमा प्रकाशित भएको मितिदेखि कार्यान्वयनमा आउने गरेको छ । राजपत्रमा असार २९ गते नै सूचना प्रकाशित भएकोले गत असार ३१ गतेसम्म वैदेशिक रोजगार विभागमा नवीकरणका लागि निवेदन दर्ता गरेका म्यानपावर कम्पनीहरुले दश हजार रुपैयाँमा नै नवीकरण गर्न पाउने छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित कुमार श्रेष्ठले वार्षिक सय जना कामदार पठाउन नपाएका तर ईजाजत नवीकरण गर्नुपर्ने व्यवसायीहरुले ईजाजतपत्र नवीकरणको लागि विभागमा निवेदन दर्ता गराउन असार २६ गते शुक्रबार नै आग्रह गरेका थिए ।



नेपाल राजपत्र
नेपाल सरकारद्वारा प्रकाशित
खण्ड ७०) काठमाडौं, असार २९ गते, २०७७ साल (अतिरिक्ताङ्क २२
भाग ५
नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना
कोभिड-१९ को महामारीको कारण कामदार विदेश पठाउने प्रक्रिया अवरुद्ध भई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १३ को उपदफा (२) को खण्ड (घ२) र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ८ को उपनियम (१) को खण्ड (क१) मा उल्लेखित व्यवस्था कार्यान्वयन गर्न बाधा अडकाउ परेकोले नेपाल सरकारले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८२ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको बाधा अडकाउ फुकाउने आदेश जारी गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छः-

यस्तै वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार प्रसाद दाहालले पनि विभाग र संघबीचको छलफलपछि व्यवसायीहरुको नवीकरण निवेदन गर्न शुक्रबारबाट शुरु गरिएको मध्यान्ह राष्ट्रिय दैनिकलाई बताएका थिए । महानिर्देशक दाहालले निवेदन दर्ता शसर्त रहेको उल्लेख गर्दै मन्त्रिपरिषदबाट बाधा अड्काउ फुकाउ आदेश आएमा व्यवसायीहरुको ईजाजतपत्र नवीकरण हुने र यदि आउन सकेन भने महानिर्देशकले निवेदन दरपीठ गरिदिने बताएका थिए ।

विभागका महानिर्देशक दाहालले आइतबारसम्म उक्त सूचना प्रकाशित भएको राजपत्र विभागमा आइनपुगेका कारण नवीकरणका लागि व्यवसायीहरुले दिएका निवेदनमाथि कारवाहीको प्रक्रिया शुरु नगरिएको जानकारी दिए ।

व्यवसायीहरुले सबै प्रक्रिया पूरा गरेर नवीकरणका लागि निवदेन दिएका कारण उनीहरुको ईजाजतपत्र नवीकरणमा समय नलाग्ने महानिर्देशक दाहालले बताए । विभाग र नेपाल वैदेशिक रोजगार व्यवसायी संघबीचको छलफलपछि बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### जिट्को नवीकरणको म्याद अझै डेढ हप्ता

**काठमाडौं/मस-** जापान ईन्टरनेशनल ट्रेनिङ कोअपरेशन अर्गनाइजेसन (जिट्को) अन्तर्गत नेपाली प्रशिक्षार्थी कामदार पठाउन सूचीकृत हुन चाहने म्यानपावर कम्पनीहरुका लागि अझै डेढ हप्ताको समय बाँकी हरेको छ । विभागले जिट्को लाइसेन्स नवीकरण गर्नका लागि एक महिनाको समय दिएर गत असार १९ गते सूचना सार्वजनिक गरेको थियो ।

अघिल्लो आर्थिक वर्ष सय कामदार पठाउन नपाएका म्यानपावर कम्पनीहरुको समयमा नवीकरण हुन नपाएका कारण उनीहरुले मुल लाइसेन्सको नै भविष्य अनिश्चित भएको भन्दै जिट्को लाइसेन्स नवीकरण गराएका थिएनन् । विभागले जिट्कोमा सूचीकृत म्यानपावर कम्पनीहरुले जुलाई ३१ अर्थात साउन १६ गतेभित्र निवेदन दिइसक्नुपर्ने बताएको छ ।

नवीकरण हुन चाहने म्यानपावर कम्पनीहरुले निवेदनका साथमा नवीकरण दस्तुर बापत दश हजार रुपैयाँ बुझाएको रसिद, अघिल्लो नवीकरण मिति खुलेको सूचीकरण प्रमाणपत्रको प्रतिलिपि, बाँकी पृष्ठ २ मा

# टुंगिदै अन्तरिम संरचना

***आगामी फागुनमा तोकिएको काँग्रेसको १४औं महाधिवेशनको तयारी अगाडि बढाइएको छ । जस अन्तर्गत अन्तरिम संरचना समायोजनको कार्य अन्तिम चरणमा पुगेको काँग्रेसले जनाएको छ ।***

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ साउन ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले पार्टीले आगामी फागुनमा गर्ने महाधिवेशनका लागि आवश्यक प्रक्रिया अगाडि बढाएको छ । १४ औं महाधिवेशनको तालिकानुसार राज्य पुनःसंरचना बमोजिम समायोजन हुन बाँकी जिल्लामा पार्टीको अन्तरिम संरचना समायोजन अन्तिम चरणमा पुगेको पार्टी कार्यालयले जनाएको छ ।

अहिलेसम्म ६७ जिल्लामा समायोजन सम्पन्न भइसकेको र बाँकी जिल्लाको पनि निर्धारित समयमै हुने कांग्रेस केन्द्रीय निर्वाचन समितिका संयोजक राधेश्याम अधिकारीले जानकारी दिए । समायोजन हुन बाँकी जिल्लामा समायोजनका लागि समयावधि थपिने कुनै सम्भावना नरहेको उनले भने ।

कांग्रेस केन्द्रीय कार्यसमितिको गत असार २२ गतेको बैठकले १४औं महाधिवेशनको कार्यतालिका सार्वजनिक गर्दै यही साउन १० गतेभित्र समायोजन हुन बाँकी जिल्लाको पार्टीको अन्तरिम संरचना समायोजन गरी सक्नुपर्ने मिति निर्धारण गरेको थियो ।

बैठकले आगामी फागुन ७ देखि १० गतेसम्मका लागि पूर्वनिर्धारित महाधिवेशनको मिति कायम राख्दै समायोजन, कियाशील सदस्यता वितरण र अधिवेशनको कार्यतालिका हेरफेर गरेको थियो । पछिल्लो तालिकानुसार गत असार २५ गतेदेखि यही साउनसम्म प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले नयाँ क्रियाशील सदस्यता वितरण र जिल्ला कार्यसमितिले क्रियाशील सदस्यता नवीकरण गर्ने समय तोकिएको छ ।

केन्द्रीय कार्यालयबाट हालसम्म ५५ जिल्लाले क्रियाशील सदस्यता फाराम लगिसकेको र बाँकी जिल्लामा पनि निर्धारित मितिमै पुग्ने गरी काम भइरहेको काँग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले बताए । कांग्रेस सङ्गठनमा सबैभन्दा महत्वपूर्ण सदस्यताका रुपमा लिइने क्रियाशील सदस्य हाल चार लाख ७० हजार छन् ।

२०७४ को आमनिर्वाचनमा कांग्रेसमा समायोजन भएको विजयकुमार गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरमका थप २६ हजार क्रियाशील सदस्यलाई मान्यता दिने सहमति भएको थियो । काँग्रेसले अन्य पार्टीबाट प्रवेश गरेका सदस्य र संगठन सुदृढिकरणलाई मध्येनजर गरी आगामी महाधिवेशनमा हाल कायम क्रियाशील सदस्यको करिब ५० प्रतिशत नयाँ क्रियाशील सदस्यता वितरण गर्ने निर्णय गरेको मुख्य सचिव पौडेलले बताए । बाँकी पृष्ठ २ मा

# आठ जिल्ला कोरोना मुक्त

## ■ १५६ संक्रमित थपिए, ५८ जना डिस्चार्ज

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ साउन

कोभिड- १९ को संक्रमण आइतबार १५६ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले विभिन्न २७ प्रयोगशालामा तीन हजार ७४१ जनामा परीक्षण गर्दा १५६ जनामा संक्रमण देखिएको बताए ।

आइतबार देखिएका संक्रमितसँगै संक्रमितको संख्या १७ हजार ६५८ जना रहेका छन् । नयाँ देखिएका संक्रमित सप्तरीका ३२, सर्लाही २५, कैलाली २४, नवलपरासी र बर्दिया १०/१० जना, पर्सा सात, कास्की, म्याग्दी र लमजुङ छ/छ जना, बाँके र दाङमा पाँच/पाँच जना रहेका छन् । यस्तै ललितपुर, रौतहट, स्याङ्जा, रुपन्हेदी, डडेल्धुरामा दुई/दुई जना र सुनसरी, सिरहा, बारा, काठमाडौं, मोरङ, मकवानपुर, बागलुङ, पर्वत, प्यूठान, सल्यानमा एक/एक जना संक्रमित रहेका छन् ।

उनका अनुसार आइतबार कोभिड- १९ जितेर घर फर्कनेको संख्या ५८ जना रहेको छ । योसँगै ११ हजार ६९५ जना संक्रमण जितेर घर फर्किएका छन् । यो ६६.२४


फाइल फोटो

प्रतिशत रहेको छ । मन्त्रालयका प्रवक्ता डा गौतमका अनुसार आठ जिल्ला कोरोनामुक्त भएका छन् । भोजपुर, पाँचथर, धनकुटा, रसुवा, मनाङ, मुस्ताङ, हुम्ला र जुम्ला रहेका छन् ।

यसैगरी नेपाल दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)का भारत, बङ्गलादेश, अफगानिस्तान, पाकिस्तान, श्रीलङ्कादेशभन्दा पिसिआर परीक्षण धेरै गरेको छ । नेपालले प्रति १० लाखमा १० हजार ८२७ जनाको पिसिआर परीक्षण गरेको छ । अहिलेसम्म नेपालमा प्रति १० लाखमा १.४ प्रतिशत मात्र मृत्युदर रहेको छ । नेपालमा हालसम्म ४० जनाको कोभिड-१९ बाट मृत्यु भएको छ ।

कर्णालीमा घट्दै कोरोना संक्रमण दर

पछिल्लो चौबीस घण्टामा कर्णाली प्रदेशमा एक जनामा मात्र कोरोना संक्रमण देखिएको छ । प्रदेश अस्पताल, पशुपक्षी रोग अन्वेषण प्रयोगशाला सुर्खेतमा गरिएको परीक्षणमा सल्यान बनगाड कुपिण्डे नगरपालिकाका ३५ वर्षीय पुरुषमा कोरोना संक्रमण पुष्टि भएको हो ।

सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखाका प्रमुख डा लक्ष्मीनारायण तिवारीले कर्णालीमा कोरोना संक्रमण हुनेको संख्या एक अंकमा झर्दै आएको बताए । योसँगै कर्णालीमा कोरोना संक्रमितको संख्या एक हजार ७३८ पुगेको छ । पिसिआर परीक्षण बढेसँगै पछिल्ला दुई महिनायता कर्णालीमा संक्रमण दर एक अंकमा आएको उनको भनाइ छ । कर्णालीको सुर्खेत, जुम्ला, दैलेख र चौरजहारी प्रयोगशालाबाट कोरोना परीक्षण भइरहेको छ ।

त्यस्तै कर्णालीमा पछिल्लो चौबीस घण्टामा एक जना कोरोना संक्रमणमुक्त भई घर फर्किएका छन् । डोल्पाको मुड्केचुला गाउँपालिकाको आइसोलेशन केन्द्रबाट ती व्यक्ति कोरोना जितेर डिस्चार्ज भएको महाशाखा प्रमुख डा तिवारीले जानकारी दिए । योसँगै कर्णालीमा संक्रमणमुक्त भई घर फर्किनेको संख्या एक हजार ५११ पुगेको छ । सामाजिक विकास मन्त्रालयका अनुसार हाल प्रदेशमा २२१ जनामात्र सक्रिय संक्रमित रहेका छन् । उनीहरुको प्रदेशका विभिन्न अस्पताल र आइसोलेशन केन्द्रमा उपचार भइरहेको छ । कर्णालीमा संक्रमणका कारण छ जनाको मृत्यु भइसकेको छ ।

# प्यूठानमा ट्र्याक्टर दुर्घटनामा ७ जनाको मृत्यु

**अर्जुन बिष्ट/मध्यान्ह**
प्युठान, ४ साउन



प्यूठानमा ट्याकटर दुर्घटना हुदा ७ जनाको घटनास्थलमै मृत्यु भएको छ । प्यूठानको स्वर्गद्वारी नगरपालिका वडा नम्बर ३ रुमाले स्थित भिंगृ-स्वर्गद्वारी सडक खण्डमा गएराती १ बजे लु २ त ४२३४ नम्बरको ट्याक्टर दुर्घटना हुँदा सोही सडकमा काम गर्ने कामदारहरुको मृत्यु भएको छ ।

मृत्यु हुनेहरु रोल्पा रुम्टीगढी गाउपालिका ५ का ६ जना र रोल्पाकै त्रिबेणी गाउपालिका चालकको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रहरी नायव उपरीक्षक नरेन्द्रकुमार कार्कीले जानकारी दिए।

मृत्यु हुनेहरुमा रोल्पाका रुन्टिगढी गाउँपालिका ५ वाइजाका अन्दाजी २१ वर्षीय सागर बस्नेत, २४ वर्षीय रिम बहादुर बस्नेत, १९ वर्षीय बिरेन्द्र बाठा मगर, १९ वर्षीय थम्मन बाठामगर, उमेर नखुलेका गोवर्द्धन बुढामगर, २५ वर्षीय कविराम बस्नेत र त्रिबेणी गाउँपालिकाका २५ वर्षीय चालक कमल कुवंर रहेका छन् ।

सडक निर्माणको काम गर्ने कामदारहरु साउने सक्रान्ति मनाएर फर्कने क्रममा ट्याक्टर दुर्घटनमा परेको प्रहरीले जनाएको छ । ट्याक्टर घुम्तीबाट करिब पांच सय मिटर तल भिरमा खसेको छ । दुर्घटनमा रोल्पाकै विशाल थापाभने हाम फालेर बाच्न सफल भएका छन् ।

# नवलपरासीमा मटर र खसी प्रहरीको नियन्त्रणमा





**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ४ साउन

नवलपरासीको बिभिन्न ठाउँबाट १ लाख ४७ हजार ५ सय रुपैयाँ बराबरको अवैध मटर प्रहरीले नियन्त्रणमा लिएको छ । शनिबार राति प्रतापपुर गाउँपालिका वडा नं. ४ दरखासेमा नेपालबाट भारततर्फ अवैधरुपमा लादै गरेको ६ बोरा मटर (केराउ) पचपेडा प्रहरी चौकीले नियन्त्रणमा लिएको हो ।

यसैगरी आइतबार बिहान प्रतापपुर गाउँपालिका वडा नं. ४ भैरवपुरमा नेपालबाट भारततर्फ लग्दै गरेको ५ बोरा मटर (केराउ) ईलाका प्रहरी कार्यालय बेलाटारीले नियन्त्रणमा लिएको हो । साथै सोही गाउँपालिका वडा नं.७ जगन्नाथपुरबाट ७ बोरा मटर प्रहरी चौकी बसहियाले नियन्त्रणमा लिएको छ । यस्तै सरावल गाउँपालिका वडा नं ७ बुलन्दपुरबाट १९ बोरा मटर सीमा प्रहरी चौकी महेशपुरले नियन्त्रणमा छ ।

यसैगरी सरावल गाउँपालिका वडा नं. ७ भुजहवामा भारतबाट नेपालतर्फ अबैधरुपमा ल्याइंदै गरेको करिब ९० हजार मूल्य बराबरको ६ वटा खसी सीमा प्रहरी चौकी महेशपुरले नियन्त्रणमा लिएको छ । बरामद गरिएको मटर (केराउ) र खसी आवश्यक कारवाहीको लागि महेशपुर भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सुचना अधिकारी राजु लामाले बताए ।

# विष्णु विरहीको 'पिरतीको गुन्द्री' युट्युबमा




**काठमाडौं/मस-** रामेछापेली गजलकार तथा गीतकार विष्णु विरही श्रेष्ठले 'पिरतीको गुन्द्री' गीति भिडियो बजारमा ल्याएका छन् । गतसाता कार्टुन क्रुज नामक यूट्युब च्यानलमा उक्त गीत सार्वजनिक भएको हो । विरहीको शब्द र दिपकराज विश्वकर्माको संगीत रहेको उक्त गीतमा गायिका बिनी श्रेष्ठ र गायक डेभिड शंकरको युगल स्वर छ । उक्त गीत गायिका बिनी श्रेष्ठको डेब्यु गीत हो ।

गीतमा कार्टुन क्रुजका सरोज अधिकारी र आश्मा विश्वकर्माको अभिनय छ । रमाइलो शब्द रहेको उक्त गीतमा भिडियो पनि आकर्षक रहेको छ । गीतको भिडियो युवराज वाइवाको निर्देशनमा तयार भएको हो । 'पिरतीको गुन्द्री' बोलको गीतको भिडियोमा सरोज र आश्मालाई रोमान्टिक शैलीमा प्रस्तुत गरिएको छ । गीतले ३ दिनमै ४ लाख भन्दा बढी दर्शक पाईसकेको छ भने यूट्युबको २६ अन ट्रेण्डिङमा परेको छ ।

# महिला सुरक्षासम्बन्धी जानकारी दिन मन्त्रालयलाई निर्देशन

**काठमाडौं/मस-** प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिले महिला शान्ति र सुरक्षासम्बन्धी विषयमा विकास भएका सूचकको प्रयोग गरी नेपालको विद्यमान अवस्था मापन गर्न र सोको परिणाम जानकारी गराउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई निर्देशन दिएको छ ।



समितिले आइतबार आयोजना गरेको महिला शान्तिसुरक्षा विषयमा प्रदेशसभाका सामाजिक समिति सम्बद्ध सभापति एवं सांसदसँगको अनुभव आदानप्रदान कार्यक्रमपछि सभापति निरुदेवी पालले महिला शान्ति र सुरक्षासम्बन्धी राष्ट्रसङ्घीय कार्यसूची पक्षराष्ट्र भएको जनाउँदै त्यसबारेको परिणाम लिखितरुपमा समितिलाई जानकारी गराउन मन्त्रालयलाई निर्देशन दिएकी हुन् ।

सभापति पालले भनिन्, 'बैठकमा हिंसामुक्त सभ्य समाज निर्माण गर्न सङ्घीय संसद्, प्रतिनिधिसभा, महिला तथा सामाजिक समिति एवं सबै प्रदेशसभाका सम्बद्ध समितिबीच आपसी सहकारिता, सहअस्थित्व र समन्वयका आधारमा एकीकृत प्रयास गर्ने, सम्बन्धित विषयवस्तुमा साझा विकास गर्न आगामी दिनमा समेत आवश्यकताअनुसार सामूहिक छलफल गर्दै जाने निर्णय भयो ।'

छलफलमा पूर्वमन्त्री थममाया थापाले मुलुकमा राजनीतिक परिवर्तनसँगै नयाँ संविधान निर्माण भए पनि, महिला हिंसासम्बन्धी ऐन/कानून भए पनि पनि महिलालाई हेर्ने सोंचमा परिवर्तन हुन नसकेको बताइन् । उनले भनिन्, 'कानून बनाउँदैमा महिला हिंसा कम हुन्छ भन्ने होइन, कानून पूर्णरुपमा कार्यान्वयन गर्न नीति बनाउनुपर्ने आवश्यकता हुन्छ, महिलामाथि हुने सबै प्रकारका विभेद रोक्न राज्यले ध्यान दिनुपर्ने आवश्यक छ ।'

समितिका सदस्य गङ्गा चौधरी सत्गौवा र नारायणप्रसाद खतिवडाले भएका ऐन/कानूनको प्रभावकारी कार्यान्वयनसँगै चेतनामार्फत महिलामाथि हुने सबै प्रकारका विभेद अन्त्य गर्नुपर्नेमा जोड दिइन् । सुदूरपश्चिम प्रदेश, सामाजिक समितिकी सभापति कुन्ती जोशीले सुदूरपश्चिममा रहेको छाउपडी र बोक्सीलगायत विभिन्न कुरीतिविरुद्ध सामाजिक समिति लागिपरेको जानकारी दिइन् । प्रदेश नं २, सामाजिक समिति सदस्य मञ्जुकुमारी यादवले तराईका जिल्लामा घरभित्रै महिलाले महिलालाई हिंसा गर्ने गरेको बताइन् ।

## जनस्वास्थ्यमाथि...

रोजगार गुमाएका छन् भने भोकमरी भय बढेको छ । गएको चैत ११ गते देखि शुरु भएको लकडाउनका लागि शैक्षिक क्षेत्र, सामाजिक अवस्था, आर्थिक गतिविधि धेरै नराम्रोगरी प्रभावित बनेको छ । अहिलेसम्म बजार खुल्न सकेको छैन भने लामो दुरीको यातायात अवरुद्ध छ ।

विदेशमा रोजगार गुमाउने भय उत्तिकै बढी छ । अझ वैशाखदेखि शुरु भएको मनसुनका कारण देशभर पहिरोबाट १०६, बाढीबाट ६ र चट्याङबाट ४७ जनाको मृत्यु भएको छ । पहिरोबाट बेपत्ता हुनेको संख्या ४३ र बाढीबाट ६ जना बेपत्ता छन् । बेपत्ताको खोजी र उद्धार कार्यमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय खटिएका छन् । यिनै निकाय कोभिड महामारी रोकथाममा समेत खटिएका थिए । अहिले प्राकृतिक प्रकोपमा परेकाको उचारमा खटिएका स्वास्थ्यकर्मीले कोभिड महामारीमा पनि ज्यानको बाजी लगाएर उपचारमा खटिएका छन् ।

तर, सरकारले भने अहिलेको यस्तो भयावह अवस्थाको सामना गर्न भन्दा अन्यत्र ध्यान दिदै आएको छ । वैशाख पहिलो साता नै सरकारले दल विभाजन सम्बन्धी अध्यादेश ल्यायो, महामारी केन्द्रीत बेजट नल्याएर फजुल खर्चतिर लाग्यो । फेरि अहिले यस्तो संकटका बेला राष्ट्रिय एकता कायम गर्न छोडेर सरकारले आकस्मिक रुपमा वर्षे अधिवेशन नै अन्त्य गरिसकेको छ ।

अर्थात्, सरकार र सत्तारुढ दल मुलुकले खेपिरहेको यस्तो बिषम अवस्था बिर्सेर कुर्सीको फोहोरी खेलमा तल्लिन देखिएको छ । सत्तारुढ र सरकारले अहिलेको बिषम परिस्थितिमा जस्तो बहस गरिरहेको छ यसले प्रष्ट पार्ने विषय भने जनस्वास्थ्य माथि गम्भीर खेलबाड भइरहेको छ ।

## नवीकरणका...

अघिल्ला दुई आर्थिक वर्षमा एक कामदार पठाउन नपाएका व्यवसायीहरुले इजाजतपत्र नवीकरणका लागि असार २६ गते शुक्रवारबाट निवेदन दर्ता गराएका थिए ।

वैदेशिक रोजगार ऐन अनुसार असार मसान्तसम्म म्यानपावर नवीकरण नगरे नवीकरण दस्तुर दश हजारबाहेक प्रति महिना १० हजारका दरले जरिवाना तिरी असोज मसान्तसम्म नवीकरण गर्न पाइने व्यवस्था छ ।

## जिट्को ....

जिट्कोमार्फत गत आर्थिक वर्ष २०७५/०७६ मा कामदार पठाएको विवरण, आगामी आर्थिक वर्ष २०७८/०७९ वा सो भन्दा अगाडिका आर्थिक वर्षका लागि म्यानपावर नवीकरण भएको प्रमाणपत्र, बैंक ग्यारेन्टी र नगद धरौटी, कर चुक्ता प्रमाणपत्र, कम्पनी रजिष्ट्रारको कार्यालयमा गत आर्थिक वर्षसम्म अध्यावधिक भएको वा प्रक्रिया शुरु भएको प्रमाणित हुने कागजात पेश गर्न भनेको छ ।

म्यानपावर कम्पनीले प्रशिक्षार्थी कामदार जापान पठाउन पाउने भएपछि करिब साढे दुई सय म्यावापर कम्पनी सूचीकृत भएका थिए । विभागमा सूचीकरण हुने तर जापानमा कामदार पठाउन नपाउने भएपछि धेरै म्यानपावर कम्पनीहरुले जिट्कोतर्फको लाइसेन्स नवीकरण गराउन छोड्दै आएका छन् ।

## टुंगिदै ...

तालिकाअनुसार नयाँ क्रियाशील सदस्यता र क्रियाशील सदस्यता नवीकरणको नामावलीको अन्तिम सूची तयार गरी छानबिन समितिले केन्द्रीय सभापतिलाई बुझाइसक्नुपर्ने अवधि आगामी मङ्सिर २५ गते र केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि मङ्सिर मसान्तभित्र तोकिएको छ ।

कांग्रेसले गाउँनगर वडा अधिवेशन आगामी पुस ६ गते, गाउँनगरपालिका अधिवेशन पुस ८ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन पुस ११ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन पुस १३ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन पुस १६ गते र प्रदेश अधिवेशन माघ ६ गते निर्धारण गरेको छ ।

कांग्रेसले यसअघि सार्वजनिक गरेको महाधिवेशन तालिकानुसार गत फागुनदेखि चैतसम्म क्रियाशील सदस्यता वितरण र नवीकरण गर्ने कार्य निर्धारण गरिएको भए पनि कोरोना भाइरस सङ्क्रमणका कारण स्थगन गरेको थियो । कांग्रेसमा केहीले अझै पनि कोरोनाका कारण निर्धारित मितिमै महाविधेशन हुनेमा आशङ्का व्यक्त गर्ने गरेका छन् । पार्टी केन्द्रीय सदस्य एवं पूर्वमन्त्री नवीन्द्रराज जोशीले काँग्रेस लोकतन्त्रमा विश्वास गर्ने पार्टी भएको र कोरानाको प्रभाव पनि कमजोर बन्दै गएकाले निर्धारित मितिमै महाधिवेशन हुने विश्वास दिलाए ।

कांग्रेसको १३औँ महाधिवेशन गएको २०७२ फागुन २० देखि २३ गतेसम्म काठमाडौँमा भएको थियो । पार्टी विधानमा सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि चार वर्ष हुने र असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्ने व्यवस्था छ । सोही व्यवस्थानुसार कांग्रेसले गत पुस ११ गते पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि एक वर्ष थप गर्ने निर्णय गरेको थियो । -रासस

# आफ्नै भान्जाको अपहरणपछि हत्या गर्ने १३ वर्षपछि पक्राउ

**काठमाडौं/मस-** आफ्नै भान्जाको अपहरण गरी हत्या गर्ने एकजना १३ वर्षपछि पक्राउ परेका छन् । महानगरिय अपराध महाशाखाको टोलीले भारतको मुजफ्फापुरका ४५ वर्षीय राजेश कुमार गुप्तालाई पक्राउ गरेको हो । महाशाखाको टोलीले उनलाई सर्लाहीको मलंगवा ८ गोरखकाली भन्ने ठाउँबाट पक्राउ गरिएको महाशाखाका एसएसपी दीपक लामाले बताए ।

अभियुक्तले २ लाख ५० हजार फिरौती मागेका थिए । पछि २ लाखमा कुरा मिलेको थियो । यद्यपि अभियुक्त आफैंले फिरौतीबाफतको २ लाख रुपैयाँ त्रिभुवन पार्कमा लिएर गएको उनले बताए । शव व्यवस्थापनपछि छट मान्न जान्छु भनेर उनी भारत गएको र उतै बसेको उनले बताए ।

घटनामा संलग्न धादिङका विष्णु सुनारलाई प्रहरीले सोही वर्ष मंसिर १२ गते पक्राउ गरेको थियो । उनकै बयानका आधारमा गुप्ताको खोजीकार्य जारी रहेको थियो । वि.स. २०६४ साल असोज २४ गते खिचापोखरी बस्ने रोहित गुप्तालाई उनले अपहरण गरी हत्या गरेका थिए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७३/०६/१२ मा दर्ता भएको **प्रा.लि. नं. १५६७६८** को **आजु भेहिकल सर्भिस प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**स्मार्ट नारि प्रा.लि.को हकदाबी गर्न आउने बारे १५ दिने सूचना**

कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको स्मार्ट नारि प्रा.लि. (प्रा.लि. नं. १६६७६०/०७३/०७४ को कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हक दाी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिनेछ ।

**लिक्वीडेटर: बलभद्र खनाल, इजाजत पत्र नं. २५३**
**फोन नं. ९८४१४६८२३४**

**हार्दिक श्रद्धाञ्जली**



**जन्म**
**बि.सं. २०१५**
**चैत २६ गते**

**स्वर्गारोहण**
**वि.स. २०७२**
**साउन ५ गते**

**स्व. लालमाया राना मगर**

**हाम्रा द ग्लोबल रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.का प्रबन्ध निर्देशक श्री नरेन्द्रबाबु राना मगरज्यूकी ममतामयी माता लालमाया राना मगरको दु:खद् स्वर्गारोहण भएको आज ५औं वर्षको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**छोरा/बुहारीहरु**
नरेन्द्रबाबु राना मगर/पूर्णमाया राना मगर
काजीबहादुर राना मगर/किनीमाया राना मगर

**नाति/नातिनिहरु**
जापान राना मगर, जिवन राना मगर,
जेनिशा राना मगर, पुजना राना मगर

**नाति/बुहारी**
पुजन राना मगर/सोनिका राना मगर

**एवं**
**सम्पूर्ण पाटा राना परिवार**
तथा
**द ग्लोबल रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.**
**परिवार**
**टोखा-१०, बसुन्धारा, नेपाल, फोन : ४३६५२६४**

# लिबियालाई थप प्रतिबन्ध लगाउने चेतावनी

**पेरिस, सिन्हुवा**-सबै द्वन्द्वरत लिबियाली पक्षलाई युद्धविराम गर्न तथा लिबियामा सक्रिय विदेशी शक्तिलाई हस्तक्षेप रोक्न फ्रान्स, जर्मनी र इटलीले आग्रह गरेका छन् ।

स्थानीय समय अनुसार शनिबार साँझ यूरोपेली शक्ति राष्ट्रहरूले यदि लिबियामा संयुक्त राष्ट्रसंघद्वारा लगाइएको हतियार प्रतिबन्धलाई उल्लङ्घन गरेमा आफूहरूले लिबियामाथि प्रतिबन्ध लगाउन तयार रहेको बताएका हुन् ।




फ्रान्सको राष्ट्रपतिको कार्यालयको वेबसाइटमार्फत् सार्वजनिक संयुक्त विज्ञप्तिमा फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रों, जर्मन चान्सलर एङ्जेला मर्केल, र इटालीका प्रधानमन्त्री जिसेप कोन्टेले लिबियामा जारी युद्धले राष्ट्रसंघको निर्देशनलाई उल्लङ्घन गरेकोले सबै लिबियाली पक्ष तथा उनीहरूका विदेशी सहयोगीलाई तुरून्तै लिबियामा जारी युद्ध रोक्न र सैनिक परिचालनलाई रोक्न आग्रह गरेका हुन् ।

विज्ञप्तिमा भनिएको छ, 'लिबियाली आकाश, समूद्र र भूमिमा संयुक्त राष्ट्रसंघद्वारा लगाइएको हतियार प्रतिबन्धलाई उल्लङ्घन गरेमा आफूहरूले लिबियामाथि प्रतिबन्धको सम्भावित उपयोगको विचार गर्न हामी तयार छौं र यूरोपेली विदेश तथा सुरक्षा नीतिका लागि यूरोपेली संघका उच्च प्रतिनिधिले अघि सार्ने गर्ने प्रस्तावहरूको प्रतिक्षा गरिरहेका छौं ।'

'यस कठिन घडीमा हामीले संयुक्त राष्ट्रसंघलाई सैनिक निशेधित क्षेत्रको घोषणा तथा युद्धविरामलगायत सबै विकल्पहरूको खोजी गर्न प्रोत्साहन गर्दछौं । साथै, हामी यो दोहोराउन चाहन्छौं कि लिबियाली शान्तिका लागि संयुक्त राष्ट्रसंघका महासचिबका विशेष दूतलाई पठाई लिबियाली गतिविधिको अनुगमन गर्न जरूरी रहेको छ ।'

संयुक्त राष्टम्रसंघ सुरक्षा परिषद्ले जुन ६ मा लिबियामा हतियार प्रतिबन्ध गर्नका लागि संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूलाई समूद्रमा पानीजहाजहरूको निरीक्षण गर्नका लागि थप १२ महिना समयसीमा विस्तार गर्ने प्रस्ताव पारित गरेको थियो ।

सुरक्षा परिषद्ले लिबियामा सन् २०११ देखि हतियार किनबेचमा प्रतिबन्धलगायतका प्रतिबन्धलगाएको थियो । लिबियास्थित संयुक्त राष्ट्रसङ्घीय नियोगले देशमा सशस्त्र द्वन्द्व जारी भएदेखि नै यसको आलोचना गर्दै आएको छ ।

# बेइजिङमा थपिएनन् नयाँ सङ्क्रमित

**बेइजिङ, सिन्हुवा**-चीनको राजधानी बेइजिङमा शनिबार कोरोनाभाइरसबाट सङ्क्रमणका कुनै पनि बिरामी नथपिएको अधिकारीहरुले जनाएका छन् । स्थानीय अधिकारीहरुले आइतबार दिएको जानकारी अनुसार निरन्तर पछिल्लो १३ दिनमा कुनै पनि सङ्क्रमित थपिएको छैन ।

'पछिल्लो १३ दिनसम्ममा बेइजिङ्मा कुनै पनि नयाँ सङ्क्रमित भेटिएका छैनन् भने शनिबार १३ जना सङ्क्रमितहरु सङ्क्रमणमुक्त भएका छन्,' एक अधिकारीले भने ।




यसैबीच चीनमा देशभरी पछिल्लो२४ घण्टामा १६ जना मात्र सङ्क्रमित भेटिएका छन् । तीमध्ये १३ जना आन्तरिकरूपमा सङ्क्रमित हुन् भने अरु अन्य ठाउँबाट आएका सङ्क्रमित हुन् ।

जोन हकिन्स विश्वविद्यालयले दिएको जानकारी अनुसार विश्वभरी अहिलेसम्म एक करोड ४२ लाख ४१ हजारभन्दाबढी मानिस कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् ।

## समुह बाहिर काठ बिक्री सम्बन्धी सूचना

यस सामुदायिक बन बाट उत्पादन भैइ विभिन्न समुहमा ग्रेडिङ गरि घाटगदीमा सकलन गरिएको खयर १४६ गिन्डाको ८०.९० क्युफिट काठ बाहिर बिक्री बितरण गर्नु पर्ने भएको काठ गोलिया जे जो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरि लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक ब्यात्ति सघ सस्था फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ पुर्ण ब्याहोराको लागि यस समुहको सूचना पार्टीमा टास गरिएको छ ।

**श्री आकाशगगा सामुदायिक बन उपभोक्ता समुह**
**उदयपुरगढी-७**

## समुह बाहिर काठ बिक्री सम्बन्धी सूचना

यस सामुदायिक बन बाट उत्पादन भैइ विभिन्न समुहमा ग्रेडिङ गरि घाटगदीमा सकलन गरिएको साज कर्मा जातको गोलिया थान ९० को १०२२.३७ क्यु फिट सान्दन २० थानको १३५.१९ क्युफिट हाडे २८ थानको २६५.७३ क्युफिट काठ बाहिर बिक्री बितरण गर्नु पर्ने भएको काठ गोलिया जे जो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरि लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक ब्यात्ति सघ सस्था फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ पुर्ण ब्याहोराको लागि यस समुहको सूचना पार्टीमा टास गरिएको छ ।

**श्री बलानसिर सामुदायिक बन उपभोक्ता समुह**
**उदयपुरगढी-७**

## समुह बाहिर काठ बिक्री सम्बन्धी सूचना

यस सामुदायिक बन बाट उत्पादन भैइ विभिन्न समुहमा ग्रेडिङ गरि घाटगदीमा सकलन गरिएको साज जातको गोलिया थान १४ को १६४.४४ क्यु फिट सान्दन ६८ थानको ३९२.०३ क्युफिट काठ बाहिर बिक्री बितरण गर्नु पर्ने भएको काठ गोलिया जे जो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरि लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक ब्यात्ति सघ सस्था फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ पुर्ण ब्याहोराको लागि यस समुहको सूचना पार्टीमा टास गरिएको छ ।

**श्री पाथीभरा सामुदायिक बन उपभोक्ता समुह**
**उदयपुरगढी-७**

## समुह बाहिर काठ बिक्री सम्बन्धी सूचना

यस सामुदायिक बन बाट उत्पादन भैइ विभिन्न समुहमा ग्रेडिङ गरि घाटगदीमा सकलन गरिएको साज जामुन जातको गोलिया थान ३४ को २९५.११क्यु फिट फडिर ४ थानको २१.८९ क्युफिट खयर २७७ गिन्डाको १२१.२१ क्युफिट काठ बाहिर बिक्री बितरण गर्नु पर्ने भएको काठ गोलिया जे जो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरि लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक ब्यात्ति सघ सस्था फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ पुर्ण ब्याहोराको लागि यस समुहको सूचना पार्टीमा टास गरिएको छ ।

**श्री बरगाछी सामुदायिक बन उपभोक्ता समुह**
**उदयपुरगढी-७**

## समुह बाहिर काठ बिक्री सम्बन्धी सूचना

